# प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७९ साल जेठ २४ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा ११ को उपदफा (२) बमोजिम पुनरावेदन समितिको सदस्यमा धुलिखेल-९, काभ्रेपलाञ्चोक जिल्ला बस्ने श्री सम्झना हुमागाँईलाई मनोनयन गर्ने। |
| २. | विज्ञापन अनुगमन तथा नियमन समितिको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने तथा विज्ञापन अनुगमन तथा नियमन समितिको पदाधिकारी मनोनयन गर्ने। |
| ३. | स्थानीय तहहरूलाई आर्थिक वर्ष ०७७/७८ मा प्रदान गरिएको प्रदेश समपूरक तथा विशेष अनुदानका अधुरा आयोजना/कार्यक्रमहरूको दायित्व व्यवस्थापनका लागि सशर्त अनुदान बापतको रकम एकै किस्तामा निकासा दिने। |
| ४. | प्रदेश सशर्त अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९ स्वीकृत गर्ने। |
| ५. | "प्रदेश स्वास्थ्य सेवा (पहिलो संशोधन) नियमावली, २०७९" स्वीकृत गर्ने। |
| ६. | "प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी नियमावली, २०७९" को मस्यौदा "मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने।" |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७९ साल जेठ १३ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | क. आर्थिक वर्ष ०७९/८० को नीति तथा कार्यक्रम प्रदेश सभाको बैठकलाई मिति २०७९/०२/१६ गते सम्बोधन गर्न र उक्त बैठकमा प्रदेश सभाका माननीय सदस्यहरूको उपस्थितिको लागि आह्वान गर्न माननीय मुख्यमन्त्रीज्यू मार्फत माननीय प्रदेश प्रमुखज्यू समक्ष अनुरोध गर्ने।<br>ख. माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश सभाको मिति २०७९/०२/१६ गतेको बैठकमा सम्बोधन हुने प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम स्वीकृत गरी माननीय मुख्यमन्त्रीज्यू मार्फत माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश गर्ने। |
| २. | दशौं तहमा कार्यरत सि. डि. इ. श्री सहदेव बहादुर भण्डारी (क.सं.नं.१३९४६३) लाई मिति २०७९/०३/१४ गते देखि लागू हुने गरी अधिकृत एघारौं तहमा बढुवा गर्ने। |
| ३. | १५ औं गणतन्त्र दिवसको अवसरमा प्रदेश सरकारको सेवामा रही उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई सम्मान एवम् पुरस्कार प्रदान गर्ने। |
| ४. | सम्मान र पदक प्रदान गर्ने (पहिलो संशोधन) मापदण्ड, २०७९ स्वीकृत गर्ने। |
| ५. | प्रदेशका विभिन्न क्षेत्रहरूमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरूको सम्मान र पदक प्राप्त गर्ने सूची (२०७९) घोषणा गर्ने । |

**सम्वत् २०७९ साल जेठ ६ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश सभाको दशौं अधिवेशन मिति २०७९/०२/१३ गते शुक्रवार बिहान ११:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष अनुरोध गर्ने। |
| २. | मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम (परीक्षण, निदान, परामर्श र उपचार) व्यवस्थापन कार्यविधि, २०७९ स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।